# अध्याय -९

# नयाँ अनुभव वा येशूलाई विश्वास गरेको समयलाई सुरक्षित राख्ने

## पुनर्जागरणको भेलापछि सैतानसँग भएको सङ्घर्ष (१)

बाटल क्रिक कलेजमा भव्य आत्मिक जागरण भएको थियो। त्यसबेला सबैमा पवित्र आत्मा खनिनु भएको सबैले अनुभव गरेका थिए। त्यो ठुलो आत्मिक जागरणको समय थियो। त्यसैबेला आत्मिक अन्धकारको पनि अनुभव गरिएको थियो। सैतान र उसका फौजहरू पनि त्यस भेलामा उपस्थित थिए। प्रत्येक येशूभक्तको साथमा सैतानको दूतले प्रभाव पारिरहेको थियो। स्वर्गबाट आएको अनुग्रहको वर्षालाई कसैले अनुभूत नगरून् भनेर ती दूतहरूले विश्वासीहरूलाई घचघच्याइरहेको थिए। आत्मिक रूपमा सिथिल भएका विश्वासीहरूमा परमेश्वरको आत्मा खनिंदा तिनीहरू निर्णयात्मक रूपमा जागून् भन्ने परमेश्वरको चाहना थियो। आफूले पाएको आत्मज्ञानको ज्योति अरूहरूलाई पनि बाँड्नु पर्दथ्यो। यदि आत्मज्ञानको ज्योति चम्केका सबै मानिसहरू जागरुक भएर अरूहरूलाई पनि बाँडेको भए बढी आत्मज्ञान र शक्ति तिनीहरूमा खनिन्थ्यो। पवित्र आत्मा खनिंदा सबैले परमेश्वरको बारेमा गवाही अरूहरूलाई दिऊन् भन्ने उहाँको चाहना थियो। परमेश्वरले एक्लैलाई भएतापनि आफ्नो आत्मज्ञानको ज्योति दिनुहुन्न ताकि त्यस ज्योतिलाई निश्क्रिय पारी राखून्। तर जो व्यक्तिमा उहाँको ज्योति हुन्छ त्यसको असली प्रभाव सबैले अनुभव गरिरहेका हुन्छन्।

यो हामीले ख्याल गर्नु जरुरी छः प्रत्येक युगमा जब आत्मिक जागरण भएर पवित्र आत्मा खनिन्छ तब त्यसबेला मानिसहरूले आत्मिक अन्धकारको पनि अनुभव गर्न पुगेका हुन्छन्। धर्मकै नाउँमा भ्रष्ट प्रवृत्ति पनि छरिएको देखा पर्छ। परमेश्वरले बाटल क्रिकमा मौका, विशेष अधिकार र आशिषहरू दिनुभएको थियो। तर मलाई यो भन्नुपर्दा दुःख लाग्छ कि चर्चले आफूले गर्नु पर्ने काममा खास सम्मानित प्रगति गरेको छैन। परमेश्वरले दिनुभएको आत्मज्ञानको ज्योति पाएर उहाँका वचनलाई प्रयोग गरेन भने अझ बढी ज्ञान पाएर उहाँको आशिष पाएर चर्चमा प्रगति गर्न सक्दैन। नैतिक अन्धकारमा

तिनीहरूले पाएको आत्मज्ञानको ज्योति स्पष्ट भएर चम्किनेछ र त्यसको किरण सबैतिर छरिनेछ। तर त्यो ज्योति प्रयोग गरिएन र चर्च नै नैतिकतामा चुकिरहेको छ भने त्यो ज्योति मधुरो भएर जानेछ। परमेश्वरको सत्यको प्रगतिशील शक्तिको प्रयोग मानव माध्यमबाट प्रयोग गरिन्छ। तर त्यो माध्यम वा मानिस मिलनसार हुनुपर्छ, सद्गुण र भक्तिले पोतिएको हुनुपर्दछ, उसमा पवित्र जोश जाँगर र निस्वार्थी भावना हुनुपर्दछ। तर उसमा भएको ज्योति लुकाउने होइन अरूलाई फैलाउन परमेश्वरसँग मिलोमत्तो गरेर चल्नुपर्दछ।– म्यानुस्क्रिप्ट ४५, १८९३।

## हठधर्मिता वा अतिवादिता र परमेश्वरको आत्माका काममा भ्रम

बाटल क्रिक कलेज र चर्चको सम्मेलनको (१८९३) बारेमा मलाई जानकारी दिइएको थियो। त्यसबेला परमेश्वरको आत्माको सक्रियताका बारेमा मलाई सुनाइएको थियो। चर्चका सदस्य र अगुवाहरूले पहिला पाएका आशिषहरू अनुसार तिनीहरू नचलेकोले तिनीहरूको दिमाग अलमलिन पुगेको थियो। ती भेलामा पवित्र आत्मा आउनुभयो भनेर तिनीहरू उत्तेजित भएका थिए। यस मामिलालाई मैले केलाउनुपर्दा मलाई दुःख लागेको थियो। परमेश्वरको पवित्र आत्मालाई चित्त नदुखाउन हामी धेरै होशियार हुनुपर्दछ। हठधर्मी वा अतिवादी भएर चल्दा उत्तेजित हुन पुगेका सेभेन्थ-डे एडभेन्टिस्ट विश्वासीहरू नै पवित्र आत्माले उत्तेजित पार्नुभयो भनेर दावी गरेका थिए। बाटल क्रिकमा मात्र होइन अरू ठाउँहरूमा पनि यदि पवित्र आत्माले हामीलाई स्पष्ट रूपमा र ठिक निर्देशन नपाए परमेश्वरकै आत्माले कसरी काम गरिरहनुभएको थियो भनेर हामीले कसरी थाहा पाउने?

उत्तेजनाले छाएको भेला पछि त्यो उत्तेजना चिसो हुनु स्वाभाविकै थियो। त्यसले गर्दा मानिसहरू भ्रममा परेका थिए। योदेखि मलाई अचम्म लाग्दैन। मेरो उनन्चास वर्षको जीवनमा यस्ता धेरै चर्तिकलाहरू देखेको छु। यो पनि मैले देखेको छु कि परमेश्वरले कसरी उल्लेखनीय रूपमा काम गर्नुभएको थियो। यस समय परमेश्वरको आत्माले काम गर्नुभएको थिएन भनेर कसैले भन्न आँट नगरून्। पवित्र आत्माको निम्ति प्रार्थना गर्न र विश्वास गर्न हामीलाई परमेश्वरले नै अधिकार दिनुभएको छ। पवित्र आत्मा पाउन परमेश्वरसँग माग्दा हामीले सोचेको भन्दा धेरै दिन उहाँ उत्सुक हुनुहुन्छ। जसरी बाबुआमाले छोराछोरीहरूले उपहार माग्दा खुशी भएर दिन्छन् त्यसरी नै

परमेश्वर पनि उहाँको आत्मा दिन उहाँ खुशी हुनुहुन्छ। तर पवित्र आत्मा मानिसको खटनमा होइन, मानिसले चाहेको अनुसार पवित्र आत्मालाई चलाउने होइन। पवित्र आत्माले मानिसलाई चलाउनुहुन्छ र मानिसद्वारा उहाँले काम गर्नुहुन्छ। हाम्रा विद्यार्थीहरूलाई र चर्चलाई परमेश्वरले प्रशस्त आशिष दिनुभएको छ। यसबारे मलाई कुनै शङ्का छैन। तर पवित्र आत्मा खनिनु र आत्मज्ञानको ज्योति बलिसकेको केही समयमा नै महान् अन्धकारको समय पनि विश्वासीहरूमा फैलिएको हुन्छ। किन त? तर सैतानले उसको धोखा दिने सबै बल प्रयोग गरेको हुन्छ। त्यसको फलस्वरूप मानिसमा परमेश्वरको आत्माको उपस्थितिको प्रभाव नपरेको हुन्छ।

कतिपय समयमा विद्यार्थीहरू फुटबल जस्ता लोकप्रिय प्रतिस्पर्धामूलक खेलहरू हेर्न सहभागी हुन जान्छन्। त्यसबेला तिनीहरूको दिमाग नै मनोरञ्जन तथा तमाशामा डुबीरहेका हुन्छ। यसै समय हस्तक्षेप गर्ने अवसर हो भनेर सैतानले सुरु कस्छ। परमेश्वरको आत्माले मानिसको चरित्रलाई उहाँको इच्छा अनुसार ढाल्न चाहेको कदमलाई खेलतमाशामा मोहित भएका मानिसहरूलाई असर पार्न दिएको हुँदैन। कतिपय शिक्षकहरू नै विद्यार्थीहरूको चरित्र निर्माणमा आफू जवाफदेही नभएको भनेर आफूले गर्नु पर्ने र सिकाउनु पर्ने नैतिक शिक्षा नसिकाउँदा मानिसहरू नैतिक रूपमा परमेश्वरबाट स्वतन्त्र भएको ठानिरहेका हुन्छन्। शिक्षकहरूलाई सत्यप्रति प्रेम गर्ने र पवित्र आत्माबाट पवित्र हुने दक्षता प्रदान गरिएको हुन्छ। यदि तिनीहरूले त्यो दक्षतालाई प्रयोग गरेमा तिनीहरूमा आत्मिक बल र परमेश्वरबाट आत्मज्ञानको ज्योति पाएर स्वर्गतिर प्रगति गर्ने अवसर पाइरहन्थे। तर नैतिक र आत्मिक जीवनलाई लत्याएर सांसारिक लोभमोहमा फस्न मोहित भएका विद्यार्थीहरूले यो प्रमाणित गरिरहेका छन् कि शिक्षकहरू नै तिनीहरूले पाएका आत्मज्ञानलाई सराहना गर्दैनन् र संसारको ज्योति येशूलाई पछ्याउन चासो दिइरहेका छैनन्।

पवित्र आत्माको प्रभावलाई कुरा मात्रै गर्ने, खेलाँची गर्ने र मामुली ठान्न सजिलो छ। ज्योतिमा हिंड्नु भनेको आफूले पाएको आत्मज्ञानको निर्देशनलाई पालन गरेर अगाडि बढ्नु हो। यस ज्योतिलाई पाएर आशिष हुने मानिसले त्यसलाई बेवास्ता गर्नुहुन्न। त्यो व्यक्ति प्रार्थनाद्वारा सजग भइरहनुपर्दछ। आफूले पाएको ज्ञान प्रति सचेत भएरहनुपर्छ। आफूले बोक्नुपर्ने क्रूसलाई उसले बोकिरहनुपर्दछ र येशूको जुआ पनि बोकिरहनुपर्दछ। रमाइलो, रमझम, मनोरञ्जनको मोहमा लागेर आफूले पाएको दक्षतालाई सिथिल

पार्नुहुन्न। उसका सबै क्रियाकलापमा परमेश्वरले नै पहिलो, उत्तम र अन्तिम स्थान ओगटेको हुनुपर्दछ। त्यसो नभएमा उसको जीवनको खेलमा सैतान नै समावेश भएर उसलाई खेलाइरहेको हुन्छ। मानिसले खेल्ने खेलभन्दा उसको खेल निपुण हुन्छ। उसको खेलले मानिसको जीवनलाई अनर्थ बनाइदिन्छ र उसलाई शीघ्र पतनको बाटोमा पछारिदिन्छ।

बाटल क्रिकको आत्मिक भेलामा परमेश्वरको आत्माले सकारात्मक भूमिका खेलिरहनुभएको थियो। यो कुनै अतिवादी वा हठधार्मिकताको चलखेल थिएन। तर त्यसबाट आशिष पाएका कतिपयले परमेश्वरको प्रशंसा गरेन। अन्धकारबाट अचम्मको उज्यालोले उहाँ नै चम्किरहनुभएको थियो तर कतिपयले चिनेन। जब सारा पृथ्वी परमेश्वरको महिमाले चम्केको हुन्छ तब कतिलाई उहाँको महिमा भनेर थाहा हुँदैन। परमेश्वरको आत्माले नै प्रेरित भएका कतिपय येशूभक्तहरूले उहाँबाट पाएका आत्मज्ञानको ज्योतिलाई गलत सम्झेका हुन्छन्, गलत व्याख्या गरेका हुन्छन्। आफ्नो महिमा र यश अरूले लुट्न खोजेको परमेश्वरले निको मान्नुहुन्न। उहाँलाई अपमान गर्नेहरूलाई उहाँले सम्मान गर्नुहुन्न। परमेश्वरको आत्मज्ञानको ज्योति पाएर त्यसै अनुसार बाँचिरहेकाहरूले युवाहरूलाई सिकाएर तिनीहरूले पनि त्यही ज्ञानको अनुभव गर्न लगाउनुपर्दछ। आफूले पाएको आत्मिक ज्ञान अरूहरूको सम्मान खोज्न आफूमा मात्र लुकाएर राख्ने होइन। आफ्नो अनुभव अरूहरूलाई पनि गर्न दिनुपर्दछ। यसबारे धेरै लेख्न पाए हुन्थ्यो, तर लेख्न नपाएकोले मलाई दुःख लाग्छ।"-लेटर ५८, १८९३।

## आफूले पाएको आशिष गुमाउने सजिला तरिकाहरू

ढिलै भएतापनि (२) मेरो दिमागमा केही कुराहरू गुम्सिरहेका छन्। तिनीहरूलाई बाहिर निकाल्न मलाई परमेश्वरको आत्माले दवाव दिएको महसुस गरेको छु। के परमेश्वर अनुग्रही भएर तपाईंका निम्ति स्वर्गको ढोका खोल्नुभएको छ र तपाईंलाई आशिष खन्याउनु भएको छ? ओहो! यही समयमा तपाईंले शिक्षक र विद्यार्थीहरूलाई आफूले पाएको परमेश्वरको बहुमूल्य निगाहालाई थामिराख्न सिकाउनु पर्दैन र? परमेश्वरले दिनुभएको आत्मा र बौद्धिक ज्ञान अनुसार चलेर ती ज्ञानका अमूल्य किरणहरू अरूहरूलाई फैलाउनु पर्दैन र? परमेश्वरले तपाईंलाई विशेष ज्ञानको ज्योति दिनुभएको छ त? त्यो कुन् उद्देश्यका निम्ति दिइएको थियो? धार्मिक र उत्तम कार्य व्यवहारिक रूपमै

प्रयोग गर्न त्यो ज्योति तपाईंमा चम्केको थियो। त्यस ज्ञानमा प्रशस्त आशिष पाएकाहरूको जीवनमा परमेश्वरमाथि प्रबल र गहिरो निष्ठा भएको देखिनेछ। तिनीहरूलाई परमेश्वरको थुमाको बहुमूल्य रगतले किनेको छ भनेर आभारित हुनेछ। उहाँले तिनीहरूलई उहाँका मुक्तिका वा धार्मिकताका वस्त्रहरू पहिराइ दिनुभएको छ भनेर  तिनीहरूले महसुस गर्नेछन्। ती मानिसहरूले के येशू ख्रीष्टको प्रतिनिधित्व गरेका हुँदैनन् र वा गर्नुपर्ने होइन र?

बक्सिङ्ग जस्ता हिंस्रक प्रतिस्पर्धामूलक खेलहरूले ती खेलाडीहरू सैतानका औजार बनेकाछन् भनेर प्रमाणित गर्दछ। अरूहरूलाई दवाएर र जोखिममा पारेर आन्तरिक रगत तताएर पुरस्कार पाउन उत्तेजित पार्ने खेलको निम्ति शिक्षित बनाएर र तालिम दिएर त्यसले के सैतानको गरिमालाई उचाल्दैन र? ती खेलहरूलाई हेरेर कतिपय मानिसहरूका दिमागमा आवेश, रिस, आक्रोस र उत्तेजनाले अड्डा जमाइरहेका हुन्छन् वा ती अमानवीय मनोवेगहरूलाई उमार्न स्कुल, कलेज र राष्ट्रले नै उक्साइरहेको हुन्छ वा हिंस्रक बन्न शिक्षित बनाइरहेको हुन्छ। ती मानिसहरूलाई कलभरीमा झुण्डिनुभएको येशूले अत्यन्तै दुःखित भएर हेरिरहनुभएको मलाई देखाइएको थियो। आजका  प्रबुद्ध वा विज्ञ भनेर दावी गर्ने समाजले युवा र युवतीहरूको दिमाग, चरित्र र मिजासलाई गलत तरिकाले निर्माण गरिरहेको छ। (दैनिक समाचारले त्यसको नतिजालाई प्रमाणित गरिरहेको छ)। परमेश्वर अनुग्रही भएर प्रदान गर्नुभएको ईश्वरीय चरित्र, गुण र मिजासहरूको खिलाफमा ती अमानवीय तत्त्वहरूले सङ्ग्राम गरिरहेकाछन्। इसाई भनेर दावी गर्ने प्रत्येक व्यक्तिको काम, कर्तव्य र जिम्मेवारी येशूलाई प्रतिनिधित्व गर्ने हो, उहाँको ज्योतिलाई प्रतिबिम्बित पार्ने हो, मन वचन र क्रियाकलापले उच्च नैतिक स्तरलाई उचालि राख्नुपर्ने हो। आफ्नो बहुआयामिक मानव चरित्रलाई परमेश्वरमा समर्पित गर्नुपर्दछ। आफ्नो अमूल्य जीवनलाई लापर्वाही र बेवास्ता गरेर चल्ने मानिसहरूलाई परमेश्वर र अमर जीवनको बारेमा सजग बनाउने प्रत्येक येशूभक्तको जिम्मेवारी हो। सांसारिक मानिसहरूले न्यायको दिनलाई सामना गर्न आवश्यक छैन भनेर उल्लासित जीवन त बिताउला, तर व्यावहारिक जीवनमा येशू ख्रीष्टलाई प्रतिनिधित्व गर्ने मानिसहरूको सामु ती संसारमा मात्र चुर्लुम्म डुब्ने मानिसहरू सफल हुन सक्दैनन्।

प्रत्येक येशूभक्त येशू ख्रीष्टसँग सुनौलो सिक्रीले जोड्नुपर्दछ। अन्धकारमा होमिरहेका मानिसका निम्ति ज्योति बनेर येशूसँग सम्पर्क गर्नेको

माध्यम हुनुपर्दछ। येशूसँगको सम्बन्ध अलिकति मात्र खुकुलो पार्दा सैतानले येशूभक्तलाई छोपिहाल्छ। उसको बोली, वचन, मिजास र क्रियाकलाप तथा आचरणले येशूको चरित्रलाई गलत व्याख्या गराउन सैतानले अग्रज भूमिका खेल्न पुगेको हुन्छ। मेरो भाइ, अति मनोरञ्जन क्रियाकलापले परमेश्वरको राज्यलाई गलत व्याख्या गरिरहेको हुन्छ भनेर म सुनाउन चाहन्छु। परमेश्वरले बाटल क्रिक कलेजमा प्रशस्त अनुग्रह खन्याउनुभएको थियो। जिम्मेवार व्यक्तिहरूले त्यस आशिषको फाइदा उठाएर विद्यार्थीहरूमा भएका क्षमताहरूको प्रगति गर्न प्रयोग गर्नुपर्दथ्यो। असल र उपयोगीमूलक काममा ती विद्यार्थीहरूलाई संलग्न गराएर तिनीहरूको अध्ययन क्रियाकलापलाई फुर्तिलो बनाउन सक्थ्यो। तर दुर्भाग्यवस अनेकौं प्रतिस्पर्धामूलक र उत्तेजित गर्ने खेलहरूमा संघल्न हुन व्यस्त राख्दा तिनीहरूको बौद्धिक क्षमतालाई कमजोर गराएको थियो। खेल र मनोरञ्जनमा मात्र व्यस्त राखेर उपलब्ध भएको फुर्सदको समयमा दिमाग, आत्मिक जीवन र जीवनशैलीको प्रगतिलाई ध्यान दिएन भने जीवनमा आउने परीक्षाहरूको निम्ति तिनीहरूलाई तयार पार्दैन। जब दुःखकष्टको सामना गर्नुपर्ने हुन्छ तब झारा टार्ने हिसाबले मात्र मानेको आस्थालाई निभाइ दिन्छ।

शिक्षकहरूको समूहले आफूहरू उदाहरण बन्नुपर्ने जिम्मेवारीमा संवेदनशील हुनुपर्छ भन्ने प्रभुको चाहना छ। येशूभक्त शिक्षकहरूले धेरै प्रार्थना गर्नु जरुरी छ। तिनीहरूको अनुशासित र व्यवस्थित जीवनमा भएको विद्याको थुप्रो र ईश्वरीय आचरण र येशूका निम्ति निर्णायक जीवनशैलीले विद्यार्थीको बगैंचारूपी हृदयमा सत्यका बिऊहरू रोप्न सकून् भनेर तिनीहरूले चाहना गर्नुपर्दछ। जब धार्मिकताको सूर्य येशू ख्रीष्ट सबैलाई स्वस्थ बनाउने आरोग्यको किरणसाथ आउनुहुन्छ तब ती विद्यार्थीहरू उहाँलाई स्वागत गर्न र उहाँले फलदायी कटानी गर्न तिनीहरू तयार हुन सकून्। तपाईंहरूका धर्मपरायणता, न्यायी र उचित काम जनमानसका सामु चम्कियोस्। येशूले भन्नुभयो, "तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।" मत्ती ५:१४-१६। आफ्ना चेलाहरूलाई तिनीहरू को हून् भनेर येशूले यसरी सम्बोधन गर्नु भएको थियो, "तिमीहरू

पृथ्वीका नुन हौ, तर नुनको स्वाद गयो भने त्यो केले फेरि नुनिलो पारिने र? त्यो त बाहिर फालिन र मानिसका खुट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन।" मत्ती ५:१३। येशूभक्तहरूले चर्च वा आत्मिक निकाय संसारको सामु आफू इसाई हुँ भनेर दावी गरेर मात्र चम्किँदैन न त संसारले सराहना नै गर्दछ। तर तिनीहरूका परिवर्तित जीवनशैली, मिजास, तिनीहरूका जीवनलाई पवित्र पार्ने सत्यको शक्ति, स्वभाव र चरित्र प्रकट गरिएको जनमानसले देखेमा तिनीहरूले चर्चको तारिफ गर्नेछ।

यस संसारमा आउने द्वन्द्वहरू बाढीहरू जस्ता आइरहेका छन्। आजका युवाहरूलाई खेलहरूमा र मनोरञ्जन वा रमझम गर्न मात्र शिक्षित बनाउँदा तिनीहरू संसारमा आउने अमानवीय, अनावश्यक, दुःख र झंझटको सामना गर्न असक्षम भएको हुन्छ।– लेटर्स ४६, १८९३।

### चम्किरहेको बत्ती मधुरो र निभेर अन्धकार हुन पुग्दा हुने खतरा

प्रभुले उहाँको पवित्र आत्मा तपाईंमाथि खन्याउने निर्णय गर्नुभएको छ। सुसमाचारीय शिवीरहरू र विभिन्न संस्थाहरूमा तपाईंले अगुवाइ गर्नुहुँदा तपाईंमाथि ठुलो आशिष खन्याउनुभएको छ। स्वर्गका दूतहरूले तिनीहरूमा भएको आत्मज्ञानको ज्योति, सत्य र शक्ति तपाईंलाई साथ दिइरहेका छन्। परमेश्वरले तपाईंलाई यो महान् आशिष तपाईंलाई खन्याउँदा तपाईंले अनौठो मान्नु हुन्नथ्यो। ख्रीष्टले रोज्नुभएका जनहरूलाई आफ्नै बनाउन उहाँले कुन प्रक्रिया अपनाउनुहुन्छ त? उहाँले अन्तर्यामी पवित्र आत्माको शक्तिलाई प्रयोग गर्नुहुन्छ। मानिसहरूको दिमाग वा चेतनामा बाइबलद्वारा पवित्र आत्माले बोल्नुहुन्छ। तिनीहरूको हृदयमा सत्यको छाप उहाँले नै लगाइ दिनुहुन्छ। येशू क्रूसमा मारिनुभन्दा पहिले उहाँले सान्त्वनाकार, सल्लाहकार र साथ दिने शक्ति चेलाहरूलाई पठाउनुहुनेछ भनेर उहाँले प्रतिज्ञा गर्नुभएको थियो। उहाँले भन्नुभयो, "म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु। अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ। पापका विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्, धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि देख्नेछैनौ। र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ।"मैले

तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।" यूहन्ना १६:७-१५।

येशू ख्रीष्टको प्रतिज्ञा इसाई भनेर दावी गर्नेहरूले गम्भीर रूपमा लिएको देखिँदैन। तिनीहरूमा वास्तविक परमेश्वरको आत्माको कमी छ। तिनीहरूले दश आज्ञाका आत्मियतालाई बुझेका छैनन्। ती आज्ञालाई पालन गर्नुपर्छ भन्ने नैतिक जिम्मेवारी तिनीहरूले लिन चाहँदैनन्। इसाई हुँ र येशूलाई प्रेम गर्छु भनेर दावी गर्नेहरूले तिनीहरू र परमेश्वरमा हुनुपर्ने सम्बन्धलाई बुझेका छैनन्। संसारको मुक्तिको निम्ति आफ्नो पुत्र दिनुभएर परमेश्वरका अचम्मको अनुग्रहलाई तिनीहरूले हल्का रूपमा लिइरहेकाछन्। पवित्र व्यवस्था वा दश आज्ञाको विशालता, कति दूरगामी र कहाँसम्म पुग्छ भन्ने ज्ञानलाई तिनीहरूले बुझेका छैनन् न त बुझ्न नै चाहन्छन्। इसाईहरूको आचरण र जीवनशैलीमा दश आज्ञाका नीतिहरूलाई व्यावहारिक रूपमा कसरी लागु गर्नुपर्छ भन्ने आत्मज्ञान तिनीहरूमा छैनन्।

प्रार्थना, पश्चात्ताप र ख्रीष्टका वचनहरू अनुसार काम गर्न पाउनु ठुलो अवसर हो भनेर पनि तिनीहरूले महसुस गर्न चाहँदैनन्। परमेश्वरमा समर्पित जीवनमा परमेश्वरसम्मत चरित्रलाई प्रकट गर्नु पवित्र आत्माको काम हो। परमेश्वरलाई स्वीकार्य चरित्रलाई अवलम्बन गर्नु इसाई हुँ भनेर दावी गर्ने प्रत्येक विश्वासीको कर्तव्य हो। पवित्र आत्माको माध्यमद्वारा नै मानिसमा आत्मज्ञानको ज्योति चम्किन्छ। उसको चरित्रको नवीकरण हुन्छ। उसलाई पवित्र र चोखो बनाउँदछ। यस संसारको अप्रिय गतिविधिबाट उसलाई उचाल्दछ।

परमेश्वरका अन्तर्यामी आत्माको सक्रियतामा मलाई उहाँको आत्माले काम गर्नुभएपछि कामको स्वभाव कस्तो हुन्छ भनेर देखाइएको थियो। परमेश्वरको आत्माले प्रेरित भएका येशूभक्तहरू कस्तो खतरामा पर्न सक्छन् भनेर मलाई खुलासा गरिएको थियो। तिनीहरूले सैतानको भयानक

आक्रमणको सामना गर्नुपर्नेछ भनेर देखाइएको थियो। पवित्र आत्माको प्रभाव तिनीहरूमा सिथिल बनाउन सैतानले अनेकौं परीक्षा र प्रलोभनहरूको दवाव तिनीहरूमाथि पर्नेछ। पवित्र आत्माले नै प्रकट गर्नुभएका सत्यहरूले तिनीहरूलाई शुद्ध र चोखो नबनाऊन् भनेर सैतान चलिरहेको हुन्छ। ती येशूभक्तहरूले नै स्वर्गको आत्मज्ञानको ज्योति पाएतापनि सैतानको चलखेलमा पर्दा तिनीहरूले ख्रीष्टको महिमा नगरून् र उहाँको इज्जत नथामून् भनेर त्यस शत्रुले हरदम प्रयास गरिरहेको हुन्छ।

जब कोही व्यक्ति आत्मज्ञानको महान् पुनर्जारणमा पर्दछ तर त्यस ज्ञानलाई हृदयमा सजाएर राखेन र त्यस अनुसार चलेन भने त्यसले आत्मिक अन्धकारमा धकेलिदिन सक्छ। मानिसको पवित्र स्थल हृदयमा परमेश्वरको आत्माले प्रभाव पारेको तर त्यस प्रभावलाई सजाइ राखेन भने मानिसको विवेक र दिमागबाट त्यो बिलाएर जान सक्छ। जो मानिसहरूले आत्मिक ज्ञानमा प्रगति गर्न चाहन्छन् तिनीहरूले परमेश्वरको मुहानबाट जीवित पानी पिइरहनुपर्दछ। केवल एक फेरा वा पुनर्जागरण भएको समयमा मात्र होइन बारम्बार मुक्तिको इनारबाट ज्ञान पिइरहनुपर्दछ। आफ्नो भक्तलाई आत्मज्ञानको मुहान परमेश्वरले कृपालु र अनुग्रही भएर उपलब्ध गराउनुभएको छ। तिनीहरूलाई आत्मिक मिजासलाई ताजा बनाउने स्रोतबाट तिनीहरू कहिल्यै पनि टाढा हुनुहुन्न। तिनीहरूका हृदय परमेश्वरले देखाउनुभएको करुणा र भलोपन प्रति आभारित हुनुपर्दछ। तिनीहरूलाई प्रेमद्वारा फुलाएर परमेश्वरलाई धन्यवाद दिइरहनुपर्दछ। तिनीहरूले निरन्तर रूपमा जीवित पानी पिइरहनुपर्दछ।

प्रत्येक येशूभक्तको हृदयमा येशूले व्यक्त गर्नुभएको देहायका वाक्यहरूलाई अर्थपूर्ण रूपमा जोगाइ राख्नुपर्दछः "म संसारको ज्योति हुँ। मलाई पछ्याउने अन्धकारमा हिंड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ।" यूहन्ना ८:१२; "जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन।" यूहन्ना ६:३५। यदि तपाईं यस स्थितिमा आउनुभएको छ भने तपाईंले ज्योति र प्रेमको स्रोत पाउनुभएको छ भनेर देखाउँदछ। आत्मज्ञानमा कसरी परिपूर्ति भइरहने भनेर तपाईंले सिक्नुभएको छ। परमेश्वरका प्रतिज्ञाहरू तपाईंको जीवनमा तपाईंले निरन्तर प्रयोग गर्न सक्नुहुनेछ।

"तर म तिमीहरूलाई भन्दछु। तिमीहरूले पनि मलाई देखेका छौ, तर तिमीहरूले विश्वास गरेका छैनौ।" यूहन्ना ६:३६। तत्कालीन र वर्तमान समयमा उहाँले व्यक्त गर्नुभएको त्यो वचन अक्षरस रूपमा पूरा भएको थियो र भइरहेको छ। प्रभुले तिनीहरूलाई सत्यको गहिऱ्याइ प्रस्तुत गर्नुभएको थियो। उहाँले उहाँका स्रोताहरूलाई उहाँको दया, कृपा, करुणा र प्रेमको चरित्रलाई उहाँको वचन र विभिन्न क्रियाकलापले प्रकट गरिरहनुभएको थियो। तर तिनीहरूमाथि आत्मज्ञानको ज्योति चम्के पनि उहाँलाई विश्वास नगरी उनीहरू उहाँबाट फर्केका थिए। जब उहाँले बोल्नुभयो तब परमेश्वरको आत्मा चम्किरहेको तिनीहरूले महसुस गरेका थिए। तर जब धूर्त सैतानको छलको प्रलोभनमा तिनीहरू परे तब तिनीहरूले नै पाएका ज्ञानलाई तिनीहरूले ओझेलोमा पारे। पुनर्जागरणको कार्यक्रम पछि मानिसहरूमा आत्मज्ञान त जाग्छ नै तर सैतानसँग आफ्नो भौतिक युद्ध जारिराखेन र पापको विरुद्धमा लडिरहेन भने तिनीहरूलाई उसले दवाई राख्ने प्रयास जारिराख्नेछ। तिनीहरूले पाएका आत्मिक अवसरमा अटल भइरहनुपर्दथ्यो। तिनीहरूले पाएको बहुमूल्य आत्मज्ञानलाई उचित तवरले प्रयोग गरिरहनुपर्दथ्यो। तिनीहरूले पाएको परमेश्वरको ज्योति अरूहरूलाई प्रतिबिम्ब गराउनुपर्दथ्यो। पवित्र आत्माले निर्देशन, उहाँले प्रकट गर्नुभए अनुसार र उहाँसँग तालमेल गरेर तिनीहरू चल्नुपर्दथ्यो; तर तिनीहरू त्यसरी नचल्दा तिनीहरूले परमेश्वरका आशिषहरू गुमाइरहेका थिए।

## खेलहरूमा मात्रै मोहित हुँदा आत्मिक विजय गुमाएको हुन्छ

कतिपय विद्यार्थीहरू केवल खेलबाड र रमाइलो गर्नेमा मात्र लिप्त भएको हुन्छन्। तिनीहरूका दिमागमा परमेश्वर नअट्ने खेलहरूमा मात्र तिनीहरू ध्यान दिइरहेका हुन्छन्। यदि तिनीहरूका रङ्गशालाको बिचमा येशू उभेर यो बताउनुभएको भए तिनीहरूले के भन्थे होलान्?: "यदि तिमीहरूले यो थाहा पाएका भए "शान्ति कुन कुराले ल्याउँछ भनेर तिमीले आज जानेको भए हुनेथियो! तर अब तिम्रा दृष्टिबाट त्यो लुकेको छ।'" लूका १९:४२। 'तिमीहरूले मलाई देख्यौ र विश्वास गरेनौ।" यूहन्ना ६:३६। हो, तिमीहरूको बिचमा येशू ख्रीष्ट प्रकट हुनुभएको छ। पवित्र आत्माले तिमीहरूको हृदयमा गहिरो पार्नुभएको थियो। तर तिमीहरू त्यस बाटोमा लागिरहेका छौ जसले गर्दा तिमीहरूको हृदयमा परेको पवित्र छापलाई गुमाएका छौ, र तिमीहरूमा

भएको विजयलाई तिमीहरूले कायम राख्न असफल भयौ।' 'पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्यागनेछैनँ।' यूहन्ना ६:३७। तिमीहरू ख्रीष्टमा त आउन सुर त कस्यौ तर त उहाँसँग गाभिएर बस्न चाहेनौ। खेलबाड र रमाइलो गर्ने कुरालाई मात्र तिमीहरूको दिमागमा धेरै ठाउँ लिएको छ। जब परमेश्वरको आत्मा तिमीहरूमा आउनुभयो तिमीहरूले उहाँलाई ठुलो जोशले भित्र्याएका थियौ। तिमीहरू र परमेश्वरमा भएका सबै अवरोधहरू भत्केका थिए तर अब तिमीहरूको खेलको मोहमा मात्र पर्दा ख्रीष्टको यो वचनलाई बेवास्ता गऱ्यौः 'जागा रहो, अनि प्रार्थना गर, र तिमीहरू परीक्षामा नपर।' मर्कूस १४:३८। तिमीहरूको हृदय र दिमागमा येशूले ठाउँ लिने स्थानलाई तिमीहरूको खेलको मोहले ठुक्राइ दिएको छ। पवित्र आत्माको रमाइलो उपस्थितको सट्टा तिमीहरूले मनोरञ्जन गर्न रुचायौ। तिमीहरूले येशूको अनुसरण गरेनौ। उहाँको यो वचनलाई तिमीहरूले बेवास्ता गऱ्यौः 'आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको होइनँ, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ।' यूहन्ना ६:३८।

कतिपय मानिसहरू आफ्नै चाहना र झुकाउहरूमा परेर अलमलिरहेका छन्। आफ्नै अस्वस्थ आनीबानीमा तिनीहरू लिप्त भइरहेकाछन्। परमेश्वरको वचन बाइबलमा सत्य तरिकाले बुझ्न सक्दैनन्। कतिले भन्छन् येशूलाई पछ्याउँदा तिनीहरू उदास देखिनुपर्छ, मलिन वा अंध्यारो अनुहार लिएर चल्नुपर्छ, किनभने संसारका आनन्द, रमाहट, रमझम आदिको मोहलाई त्यागनुपरेको थियो। तर त्यसको विपरीत जीवित येशूभक्त हँसिलो र शान्तिले भरिएको देखिनेहुन्छ, किनभने उहाँलाई नदेखेतापनि येशूले आन्तरिक दृष्टीले हेरिरहनुभएको हुन्छ। जो येशूभक्त ख्रीष्टको सही चरित्रले सजिएको हुन्छ तिनीहरूमा अनन्त जीवनका तत्त्वहरू भित्र रहेका हुन्छन्, किनभने तिनीहरू ईश्वरीय स्वभावमा सहभागी भइरहेका हुन्छन्। सांसारिक बिलासिताको भ्रष्ट जीवनबाट तिनीहरू टाढा भइरहेका हुन्छन्। येशूले भन्नुभयोः "मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ। किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।" यूहन्ना ६:३९-४०।

## परमेश्वरको बालक उहाँसँग परिश्रम गर्दछ

सबै आत्मिक वा आध्यात्मिक जीवन येशू ख्रीष्टबाट नै प्राप्त भइरहेको हुन्छ। "जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो।" यूहन्ना १:१२। तर परमेश्वरको बालक हुनुको नतिजा के हो त? त्यसको नतिजा हो, हामी पनि परमेश्वरसँग परिश्रम गरौं वा सहकार्य गरौं। तपाईंका मुक्तिको निम्ति महान् काम गर्नुपर्ने काम छ। येशूलाई विश्वास नगर्ने अरूलाई पनि त्यस मुक्तिमा सहभागी बनाउन काममा तपाईं योग्य हुन सक्नु नै महान् गरिमामय काम हो। यस मामिलामा येशूका वचनहरू र अरूको अन्तर्क्रिया यस्तो छः "मलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोही मकहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु। 'अनि ती सबै जना परमेश्वरद्वारा सिकाइनेछन्' भनी अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ। जसले पिताबाट सुन्छ र सिक्छ त्यो मकहाँ आउँछ। पितालाई कुनै मानिसले देखेको छैन, केवल उसले मात्र देखेको छ जो परमेश्वरबाट आएको हो, उसैले पितालाई देखेको छ।साँच्चै म तिमीहरूलाई भन्दछु, जसले विश्वास गर्छ त्यससित अनन्त जीवन छ। म जीवनको रोटी हुँ। तिमीहरूका पिता-पुर्खाहरूले उजाड-स्थानमा मन्ना खाए तापनि तिनीहरू मरेर गए। स्वर्गबाट ओर्लीआउने रोटी यही हो, जसले यो खान्छ त्यो मर्नेछैन। स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैंभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो।"

तब यहूदीहरू आपसमा बहस गर्न लागे, "यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिन सक्छ?" येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन। मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु। किनभने मेरो देह साँच्चै खानेकुरो हो, र मेरो रगत साँच्चै पिउने कुरो हो। मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा रहन्छु। जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताको कारणले जिउँछु, त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ। स्वर्गबाट आएको यो रोटी त्यस्तो होइन, जो पिता-पुर्खाहरूले खाए तापनि मरेर गए। यो रोटी खानेचाहिँ सधैंभरि जिउनेछ।" उहाँले यी कुरा कफर्नहुमको सभाघरमा शिक्षा दिंदा भन्नुभएको हो।

यो सुनेपछि उहाँका चेलाहरूमध्ये धेरैले भने, "यो वचन कठोर छ, कसले यो सुन्न सक्तछ र?"

तर उहाँका चेलाहरू यस विषयमा गनगनाउँदैछन् भनी जानेर येशूले तिनीहरूलाई भन्नुभयो, "के यी कुरा तिमीहरूका निम्ति ठोकरको कारण भइरहेछ? तिमीहरूले मानिसको पुत्रलाई जहाँ ऊ अघि थियो त्यहाँ उक्लँदैगरेको देख्यौ भने नि कसो? जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन। जुन वचन मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र जीवन हुन्। तर तिमीहरूमध्ये कति छन्, जसले विश्वास गर्दैनन्।" किनभने विश्वास नगर्नेहरू को-को हुन्, र उहाँलाई धोका दिने को हुनेछ भनी येशूलाई सुरुदेखि नै थाहा थियो। अनि उहाँले भन्नुभयो, "यसैकारण मैले तिमीहरूलाई भनेको हुँ, 'यदि पिताबाट दिइएको छैन भने कोही मानिस मकहाँ आउन सक्दैन।" यूहन्ना ६:४४-६५।

त्यसबेला जब येशूले बोल्नुभएको थियो उहाँ आधिकारिक रूपमा, शक्तिसम्पन्न भएर र अरूलाई आश्वासन दिएर भन्नुभएको थियो। समय समयमा उहाँले आफूलाई यसरी प्रकट गर्नुभएको थियो कि उहाँको पवित्र आत्माले उहाँलाई सक्रिय रूपमा चलाइरहनुभएको थियो भनेर समझदार मानिसहरूले महसुस गरेका थिए। तर कतिपयले उहाँ र उहाँको कामलाई प्रत्यक्ष रूपमा देखेका थिए र उहाँका आशिषहरूमा सहभागी भएका थिए, तिनीहरू आआफ्नै बाटोमा लागे, र तिनीहरूले पाएका आत्मज्ञानको ज्योतिलाई बिर्सेका थिए।

अनन्त जीवनका सम्पत्तिहरू सुरक्षित राख्न येशूलाई नै सुम्पिएको थियो। जसलाई उहाँ चाहनुहुन्छ त्यसलाई उहाँले दिन सक्नुहुन्छ। तर उहाँलाई विश्वास गर्ने धेरै मानिसहरूलाई प्रदान गरिएको बहुमूल्य अनुग्रहबाट विचलित हुन पुगेका थिए। यो एकदम दुःख लाग्दो छ। जसले उहाँलाई विश्वास गर्छन्, उहाँको आत्मज्ञानको खोजीगर्छन्, उहाँसँग गाभिएर बस्छन् तिनीहरूलाई उहाँले स्वर्गको सम्पत्ति प्रदान गर्नुहुन्छ। उहाँ परमेश्वर आफै भएतापनि जब मानव अवतार लिनुभयो तब उहाँले जनमानसको सामु आफू भगवान्, स्वामी, जगत्गुरु भनेर दावी गरेर अदृश्य परमेश्वरको बराबरीमा उभिएर उहाँको महिमा लुट्न येशूले चाहनुभएको थिएन। उहाँले चाहनुभएकालाई दिइने स्वर्गको सम्पत्तिलाई उहाँले रोकी राख्नुहुन्न न त आफ्नो नियन्त्रणमा मात्र राख्नुहुन्छ। यस संसारका प्रतिष्ठित महान् व्यक्ति, धर्मगुरु,

शास्त्री, बुद्धिजीवी, गन्यमान्य र सर्वमान्य व्यक्तित्वहरूलाई उचाल्नु हुन्न न त सम्मान नै गर्नुहुन्छ, किनकि जनमानसले तिनीहरूलाई चाप्लुसी र प्रशंसा गरेर तिनीहरूलाई फुरुङ्ग पारेका थिए। तर विशेष र अरूहरूभन्दा फरक व्यक्तित्व भएका मानिसहरूलाई आफूतिर आउन उहाँले आह्वान गर्नु भएको थियो। उहाँको सेवा गर्न र उहाँलाई प्रेम गर्न तिनीहरू उहाँकहाँ आउँछन्। उहाँकहाँ आएर अनन्त जीवनको रोटी माग्नेलाई उहाँले दिनुहुन्छ। तिनीहरूको जीवनमा उहाँले जीवनको पानी खन्याइ दिनुहुन्छ। त्यो पानी तिनीहरूमा इनार वा मुहान जस्तै बगिरहनेछ जसले गर्दा अरूले त्यो पानी पिएर अनन्त जीवनमा सहभागी हुन सकून्।

परमेश्वरले थुपारी राख्नुभएका सम्पत्तिहरू हाम्रा संसारमा येशूले ल्याउनुभएको थियो। उहाँलाई विश्वास गर्ने सबैलाई ती सम्पत्तिहरूको हकदार बनाउनुभएको छ। उहाँको नाउँमा दुःखकष्ट र सतावटमा पर्नेहरूलाई उहाँले ठूलो इनाम दिनुहुनेछ भनेर बाइबलमा यसरी उल्लेख गरिएको छ, "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ।" १ कोरन्थी २:९ ।

## के आशिष हृदयमा सजाइ राखेको छ त?

परमेश्वरले हामीलाई प्रदान गर्नुभएको आत्मिक क्षमतालाई वृद्धि गर्न हामी ज्योतिमा हिंड्नु आवश्यक छ। येशूको शीघ्र आगमनको घटनालाई दृष्टिगत गर्दा हामी आफैं अत्यन्तै चनाखो भएर हामीलाई तयार पारिराख्नुपर्दछ। हाम्रा हृदयमा भएका टुकीको धागोलाई चिटिक्क पारिराख्नुपर्दछ र जलाइराख्नुपर्दछ। अरूलाई पनि हाम्रो दुलाहा भेट्न आवश्यक प्रबन्ध मिलाएर तयार हुन उत्साह दिइ राख्नुपर्दछ। चनाखो भएर हेर्दै त्यसैसँगै काम गर्दै अघि बढीरहनुपर्दछ। काम र विश्वासलाई मिलाएर जानुपर्दछ, नत्रभने हाम्रो चरित्रहरू समरूप र सन्तुलनमा राखेर येशूको निम्ति सिद्ध र यथोचित बिताउन सक्दैनौं।

यदि हाम्रो जीवन प्रार्थना र साधनामा लगाइराख्न सकेनौं भने हामीमा भएका आत्मज्ञानको ज्योति मधुरो भएर जान्छ। हामीलाई दिएको ज्योति अरूलाई पनि चम्काउनको निम्ति हो। जति जति अरूका सामु हामी चम्किन्छौं त्यति त्यति हाम्रो ज्योति पनि उज्यालो भइरहन्छ। यस संसारमा रहेर एक थोकको निम्ति हामी जोशिलो हुनुपर्छ भने येशू मर्नुभएका मानिसहरूको निम्ति

मुक्तिमा समावेश गर्नुमा हुनुपर्दछ। यस किसिमको कामले व्यक्तिगत आध्यात्मिक, उपासना वा धार्मिक जीवनलाई बेवास्ता गर्रिँदैन। हामीलाई यो अर्ती दिएको छ "भातृ-प्रेमसँग एकअर्कालाई प्रेम गर। आफूलाई भन्दा बढ़ी अरूलाई आदर गर। जोशमा पछि नहट। पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो। आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो। सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख। तिमीहरूको खेदो गर्नेहरूलाई आशीर्वाद देओ, नसराप। आनन्द गर्नेहरूसँग आनन्द गर। रुनेहरूसँग रोओ। एक-अर्कासँग मिलेर बस, अभिमानी नहोओ, तर नम्रहरूसँग सङ्गत गर। कहिल्यै अहङ्कारी नहोओ। कसैलाई खराबको सट्टा खराब नगर। जुन कुरा सबै मानिसहरूका दृष्टिमा आदरणीय छ, तिनमा ध्यान देओ। हुन सक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस।" रोमी १२:१०-१८।

परमेश्वरको महिमामा एक टक लगाएर हेर्नुको अर्थ हामीले बुझ्नु आवश्यक छ। येशूभक्त उहाँको महिमा गर्ने एकै लघ्य लिएर अघि बढ्नुपर्छ। तपाईंका हृदयमा परमेश्वरले काम गरिरहनुभएको छ भनेर शुद्ध र नैतिक आचरणले देखाउनुपर्दछ। तपाईंको चाहना र इच्छाहरू परमेश्वरका चाहना र इच्छामा गाभिन सक्नुपर्दछ। तपाईंको प्रत्येक सोच र नियतलाई परमेश्वरको महिमाको निम्ति वा उहाँलाई इज्जत दिन आफ्नो वशमा राख्नुपर्दछ। तपाईं बाटल क्रिक चर्चको सदस्य हुनुहुन्छ। बाटल क्रिकको कलेजमा, अस्पताल वा सानिटोरियममा, प्रेसमा र चर्चका सदस्यहरूमा जब पुनर्जागरणको कार्यक्रम भयो र तिनीहरूलाई पवित्र आत्माले प्रभावित भएका थिए। तर तपाईंलाई त्यसको प्रभाव कसरी पारिरहेको छ भनेर संसारले वा बाहिरका मानिसहरूले हेरिरहेकाछन्। तपाईंको दैनिक जीवन, मिजास र आचरणले कस्तो गवाही तपाईंले दिइरहनुभएको छ? सकेसम्म तपाईंको जीवन उत्तम, अर्थमूलक भएको होस् भन्ने परमेश्वर चाहनुहुन्छ। तपाईं, आफ्नै मोजमस्ती, मनोरञ्जन र छाडा जीवन बिताएर आफ्नै भाउ मात्र खोजेर हिँडेको उहाँ चाहनुहुन्न। तपाईंका सबै मार्गमा उहाँलाई आदर गर्नुपर्दछ। उहाँले तपाईंलाई अनुग्रह प्रदान गर्नुभएकोले आत्मज्ञानको अवसर दिइएको छ। सारा जगत्का वुद्धिजीवीहरूका सामु तपाईं परमेश्वरको गवाही वा साक्षी भएको परमेश्वर चाहनुहुन्छ। संसारको सामु येशूको अनुग्रहको जीवित गवाही भएको उहाँ चाहनुहुन्छ। तपाईंले पाउनुभएको उहाँको प्रशस्त आशिषलाई हलका र सस्तो पाराले नलिनुहोस् भनेर प्रभुले

तपाईंलाई जाँच्नुभएको छ। तपाईंमा भएका प्रशस्त आशिष श्रद्धा र आदरपूर्वक ग्रहण गरेर तपाईं चलून् भन्ने प्रभुको चाहना हो। यदि परमेश्वरको कामका निम्ति सबैले पाएको वरदान यसरी श्रद्धापूर्वक प्रयोग गरे दिइएको अनुग्रह दोब्बर हुन्थ्यो। हरेकलाई उसको क्षमता अनुसार परमेश्वरले वरदान दिनुभएको छ। येशूको अर्तीकथामा एक जना मालिकले नोकरहरूको क्षमता अनुसार प्रयोग गर्न पैसा बाँडेर यात्रामा गएका थिए। जसले त्यस पैसालाई इमान्दार र परिश्रम गरेर चलायो त्यसले त्यसै अनुसार इनाम पाएको थियो। तर थोरै पैसा त हो नि भनेर त्यसलाई अपचलन नगरी भुईंमा गाडेर राख्यो त्यसले सजायँ पाएको थियो। हामीले पाएको क्षमता, प्रतिभा र अवसरहरूलाई कसरी चलाउने परमेश्वरसँग बुद्धि मागेर चलाउनुपर्दछ।

## आशिष श्रापमा परिणत भएको

परमेश्वरले येशूभक्त भनेर दावी गर्नेहरूको निष्ठा र नैतिकता जाँचिरहनुभएको छ। उहाँले तिनीहरूलाई विश्वासपात्र बनाउनुभएर तिनीलाई दिएको बहुमूल्य आशिषलाई कसरी प्रयोग गरिरहेको छ भनेर उहाँले हेरिरहनुभएको छ। यो आशिष स्वर्गको पवित्र स्थानमा हाम्रा निम्ति बिन्ती गरिरहनुहुने र पहल गरिरहनुहुनेबाट आएको थियो। तर उसलाई खुला गरिएको विभिन्न माध्यमहरूद्वारा सैतान येशूभक्तमा नै भित्रिन तयार भइरहेको थियो। ज्योतिलाई अन्धकारमा र आशिषलाई अभिशापमा परिणत गर्न सैतान प्रयास गरिरहेको थियो।

परमेश्वरले दिनुभएको आशिषलाई सैतानले अभिशाप वा श्रापमा कसरी परिवर्तन गर्न सक्छ त? येशूभक्तमा भएको आत्मज्ञानको ज्योतिलाई दवाइ राख्न उसले उस्काउँदछ। संसारको सामु परिवर्तन भएको चरित्र वा स्वभावलाई प्रभावकारी रूपमा नदेखाउन सैतानले नै धकेलिरहेको हुन्छ। जब येशूभक्त पवित्र आत्माले प्रेरित हुन्छ तब परमेश्वरमा समर्पित हुन उसले आफूलाई सुम्पेको हुन्छ र उहाँका दूतहरूसँग सहकार्य गर्न अपेक्षा गरेको हुन्छ। उसले येशूको जुवा बोकेको हुन्छ र उहाँमा भएको बोझ वा मानिस प्रति उहाँको हितको चाहनालाई बोक्दछ। बहुमूल्य विजयहरू पाउन उसले येशूसँग सहकार्य गरेर चलिरहेको हुन्छ। बाइबलमा दिएको वचन उसमा पूरा भइरहेको हुन्छ, "हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको

रूपमा बदलिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ।" २ कोरन्थी ३:१८।

तपाईंमाथि चम्किएको आत्मज्ञान तपाईंमा जागृत भएर चम्कोस् र तपाईं तयार हुनुहोस् भनेर दिइएको थियो। परमेश्वरका आज्ञाहरू पालन गर्नेहरू उहाँको स्तुतिप्रशंसा गरेर मानिसहरूलाई देखाउनुपर्थ्यो। तपाईं जीवित गवाही हुनुपर्थ्यो। संसारको सामु तपाईंले उच्च र पवित्र चरित्रवान् बन्न विशेष प्रयास गरेर देखाउनु पर्दथ्यो। दश आज्ञा पालन गर्नुपर्दैन भनेर सिकाउने लोकप्रिय चर्चका विश्वासीहरू भन्दा उचालिएर परमेश्वरको महिमा तपाईंले देखाउनुपर्दथ्यो। तपाईंले उहाँको नाउँको सम्मान गर्नुभएन र उहाँको इज्जत थाम्नुभएन। अरूहरूका सामु उहाँको सत्यलाई कायम गर्नुभएन।कतिपय सेभेन्थ-डे एडभेन्टिस्टहरूले परमेश्वरको महान् आत्मज्ञान पाएका थिए। तिनीहरूका सामु तपाईंले पाउनुभएको उहाँको जिम्मेवारीलाई तिनीहरूलाई उत्साह दिन प्रस्तुत गर्नुभएन। ती मानिसहरूलाई परमेश्वरको शक्तिको प्रदर्शनलाई सराहना गर्ने अवसर दिइएन। पौराणिक इस्राएलको एउटा घटनामा इस्राएलीहरूले परमेश्वरको महिमा गर्नुको सट्टा तिनीहरू उठेर खाएपिए वा भोजभतेर गरे, रमझम गर्न र खेल्नमा मस्ति भएका थिए। यदि वर्तमान परमेश्वरका जनहरू पनि त्यही भौतिक जीवनलाई बढी मान्यता दिए तिनीहरूमाथि प्रशस्त र अनुग्रहीको प्रकटीकरण गरेर उहाँको ज्ञानको जिम्मा के उहाँले दिन सक्नुहुन्छ र? तिनीहरूले पाएको आशिषलाई तिनीहरूले भोगचलन गर्न सकून् भनेर उहाँले दिनुभएको आशिषलाई आत्मसात गरेर के तिनीहरूमाथि परमेश्वरले विश्वास गर्ने वातावरण बनेको छ त? जानाजानी परमेश्वरले दिनुभएको निर्देशन वा ज्ञानको खिलाफमा चलेर तिनीहरूको जीवन छाडा तरिकाले चलाए, हाँसीखुशी वा दिल्लगीमा मात्र समय बिताए, स्वार्थी, महत्वाकाङ्क्षा र आत्मगौरवमा मात्र समय बिताउन चाहना गरे उहाँको सामु तिनीहरू भ्रष्ट मार्गमा चलिरहेका हुन्छन्। त्यस परिवेशमा परमेश्वरले पवित्र आत्मालाई तिनीहरूमाथि फेरि कसरी खन्याउन सक्नुहुन्थ्यो र?

उहाँका जनहरूका निम्ति परमेश्वरले प्रशस्त आशिष थुपारिराख्नुभएको छः तर अन्धकारबाट अद्भूत तरिकाले दिइएको आत्मज्ञानको ज्योतिलाई उहाँको बहुमूल्यको वरदान हो भनेर थाहा पाएर त्यस अनुसार चलेन भने उहाँले तिनीहरूलाई थप आशिष दिनुहुनेछैन। पावलले हामीलाई यो अर्ती दिन्छन्: "यसकारण यतिका साक्षीहरूको ठुलो बादलले हामीलाई घेरिराखेको

हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं हाम्रो विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँका सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। पापीहरूबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरू सहनुहुनेलाई विचार गर, र तिमीहरू शिथिल नहोओ, अनि हरेस नखाओ। पापको विरुद्धमा तिमीहरूले गरेका सङ्घर्षमा रगत बगाउनुपर्ने अवस्थासम्म तिमीहरू पुगेका छैनौ। के तिमीहरूले अर्तीका ती वचन भुलेका छौ? जसले तिमीहरूलाई पुत्रहरू भनी सम्बोधन गरेको छ, "हे मेरो पुत्र, परमप्रभुको ताड़नालाई हलुका नसम्झ, उहाँबाटको दण्डमा हरेस नखाऊ, किनभने जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ त्यसैलाई ताड़ना दिनुहुन्छ, र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई उहाँले दण्ड दिनुहुन्छ।" हिब्रू १२:१-६। जब येशूका भक्तहरू तिनीहरूको जीवन र चरित्रले उहाँको स्वरूपलाई प्रतिबिम्बित गर्दछन् र अन्तर्यामी र सर्वशक्तिमान पवित्र आत्माबाट पाएको सत्यलाई भिरेर चल्दछन् तब येशू ख्रीष्ट अत्यन्तै आनन्दले भावविभोर हुनुहुन्छ।

परमेश्वरका दश आज्ञाको गरिमालाई उच्च पार्ने र सम्मान गर्ने मानव दूतहरूसँग परमेश्वरको बौद्धिक जीवहरूले साथ दिइरहेका हुन्छन्। परमेश्वरको व्यवस्था सिद्ध र खोटरहित छ। यसले मानव हृदयलाई परिवर्तन गरिदिन्छ। जब ती आज्ञा अनुसार आफ्नो आचरण परिवर्तन गरेर येशूभक्त चल्छ भने त्यो भक्ति परमेश्वरको जीवित साक्षी भएर मानिसहरूका सामु उभिरहेको हुन्छ। त्यस खालको व्यक्तिमा परमेश्वरले काम गर्न प्रशस्त ठाउँ पाउनुभएको हुन्छ। उहाँको सत्यलाई विश्वास गर्छु भन्नेको हृदयमा के उहाँले ठाउँ पाउन सक्नुहुन्छ र? परमेश्वरको चोखो र फाइदा लिन नचाहने उहाँको उदारतालाई मानव प्राणीले चासो देखाउँछ र? येशूका भक्तहरू भनेर दावी गर्नेहरूका चरित्रहरूमा ख्रीष्टको गरिमामय स्वभाव र महिमा प्रकट गरेको के संसारका मानिसहरूले देख्न सक्छन् र? येशूभक्तको जीवनको खोलाबाट उहाँको भलो र सत्य बगिरहँदा उहाँले मानव प्राणीमा आफ्नो प्रेम, सहानुभूति, दया र प्रेम देख्नुहुन्छ। त्यसको फलस्वरूप मानिसहरूले उहाँको महिमा गर्छन् र उहाँको पक्षमा उभिन जाने हुन्छ। जब मानिसको हृदयमा सुसमाचारको बिऊ रोपिन्छ तब उहाँले संसारमा स्वर्गका स्रोतहरू खन्याइरहनुभएको हुन्छ।

पावलले भन्दछन्, "हामी परमेश्वरका सहकर्मी हौं, तिमीहरूचाहिँ परमेश्वरका खेत हौ, परमेश्वरका भवन हौ।" १ कोरन्थी ३:९।

आफ्ना कमीजोरी र पापदेखि लज्जित भएर दुःखी हुने र नम्र हुनेहरूले पाएका परमेश्वरका प्रशस्त आशिषलाई तिनीहरूले कसरी उपभोग गरिरहेका छन्? के उहाँको आशिषलाई तिनीहरूले आफ्नो हृदयमा सजाइ राखेका छन्? अन्धकारबाट अद्भूत आत्मज्ञानको ज्योतिमा रहेर उहाँमा बीलाउनु भएकाहरूले उहाँको स्तुति र प्रशंसा गरे उहाँको महिमा गरिरहेका छन् त? असल र परहितको काम गर्नेहरूको ठुलो सराहना गर्नुको सट्टा कतिपयले तिनीहरूलाई शङ्काले हेरिरहेका छन्। अरूको भलो गरेर चल्ने येशूभक्तहरूलाई कतिले धर्मले अन्धो बनाएर चलिरहेका हुन्छन् भनेर आरोप लगाइरहेका हुन्छन्। तिनीहरू हठधर्मी भनेर तिनीहरूबाट कतिपय मानिसहरू पर बस्न चाहन्छन्।

## अत्यन्तै होशियार हुनु

दिमाग असन्तुलन भएका मानिसहरूले परमेश्वरको काममा खटेकाहरूलाई अन्यायपूर्वक आरोप लगाएर बोल्दा हामी चकित हुन आवश्यक छैन। यो पनि हामीले महसुस गर्न आवश्यक छ कि जहाँ परमेश्वरको काम निष्कपटमा गरिएको हुन्छ त्यसबेला धर्मको खोल ओड्ने नकावधारी इसाईहरू पनि काम गरिरहेका हुन्छन्। त्यसले गर्दा परमेश्वरको सच्चा कामलाई प्रभाव नपार्न सक्छ। त्यसकारण, हामी अत्यन्तै होशियार हुनुपर्दछ। नम्र भएर परमेश्वरको सामु हिँड्नुपर्दछ। हामीमा आत्मिक गाजल लगाउन सकौं ताकि परमेश्वरको पवित्र आत्माले काम गर्नुभएको र जङ्गली पाराले हठधर्मी भएर काम गर्नेहरू बिचमा हामीले छुटयाउन सकौं। येशूले भन्नुभयो, "तिनीहरूका फलहरूबाट तिमीहरूले तिनीहरूलाई चिन्नु पर्दछ। जो मानिसहरू येशूमा एकटक लगाएर चलिरहन्छन् तिनीहरू उहाँकै स्वरूपमा परिवर्तन भइरहेको हुन्छ। प्रभुको आत्माको सहायताले उहाँका पुरुष र महिला भक्तहरू येशूको कदमा पूरा बढिरहने हुन्छ। परमेश्वरको अन्तर्यामी पवित्र आत्माको प्रेरणाले मानिसहरूका चरित्र, स्वभाव र मिजासहरूमा प्रेम, शुद्ध र सुधारिएको जीवन झल्किरहनेछ।

निसन्देहः कतिपय इसाई भनाउँदाहरूले नै स्वर्गबाट आएको आशिष वा सम्पत्तिलाई दुरुपयोग गरिरहेका हुन्छन्। तर त्यसो भयो भन्दैमा संसारको मुक्तिदाताले हाम्रा चर्चहरूमा खन्याउनुभएको आशिषलाई बेवास्ता गरिरहने त?

चर्चलाई परमेश्वरको महिमालाई दिएको भेटी, दशाँस र अरू दानप्रति सङ्कुचित भएर हाम्रो हृदयलाई नखुम्च्याऔं। यसो गर्नु हामी खतरामा परिरहेका हुन्छौं। कतिपय विश्वासीहरूका हृदयका ढोकाहरू परमेश्वरले पवित्र आत्मा दिनुभएर खोल्नुभएको छ। तिनीहरूले उहाँको आशिष पाउन सकेका छन्। तर चर्चमा आफ्ना भेटी, चन्दा र दशाँश दिइसकेपछि आफूले धोखा पाएको भन्ने प्रलोभनमा कोही नपरून्। तिनीहरूले यो भनून्, "मैले चर्चमा काँडा नै काँडा वा अन्धकार देखेकोले म शङ्काको दवावमा परेको थिएँ। सैतानले आफ्नो शक्ति प्रयोग गरेको मैले कहिल्यै देखेको थिइन। त्यसकारण मैले भुल गरें।" येशूको अनुहार हेर्नुको सट्टा मानिसहरूको अनुहार नहेर्न म तपाईंहरूलाई सजग गराउन चाहन्छु। शङ्काको बिऊ तपाईंको हृदयमा रोप्न नदिनुहोस्। सत्यको शिक्षाले तपाईंको हृदय प्रज्वलित भएको छ। तपाईंले आशिष पाउनुभएको छ। तपाईंलाई आशिष यसकारण दिएको छ कि त्यसलाई तपाईंले स्वस्थ तरिकाले प्रयोग गर्नुहोस् र तपाईंको चरित्र र मिजासलाई सिधा तथा उच्च पारिराख्नुहोस्।

### परमेश्वरले गर्नुभएको कामको प्रमाणलाई अस्वीकृत गर्नु पाप हो

येशूले चोराजिम र बेथसैदाको पापलाई निन्दा गर्नुभएको थियो। सत्यलाई तिनीहरूले महसुस गरेतापनि त्यसको शक्तिमा तिनीहरू अर्पित नहुनु नै तिनीहरूले सत्यको प्रमाणलाई अस्वीकार गरेका थिए। यहूदी पण्डित, धर्मगुरु, शास्त्रीहरूलाई परमेश्वरले काम सुम्पिनुभएको थियो। तिनीहरू अन्धकार र अविश्वासमा डुवेका थिए। तिनीहरूले देखेको प्रमाणले परमेश्वरप्रति तिनीहरूको आस्थालाई बलियो पार्नुपर्थ्यो तर त्यसलाई शङ्काको दृष्टिले हेर्न खप्पिस हुन पुगेको थियो। तिनीहरूले हृदयमा सजाउनुपर्ने पवित्र थोकहरूलाई मामुली र मूल्यहीन थानेका थिए। यो नै ती धर्मगुरुहरूको पाप थियो। अहिले पनि सेभेन्थ-डे एडभेन्टिस्ट अगुवा र सर्वसाधारण विश्वासीहरूले सैतानलाई काम गर्न दिएकोमा दुःखित छु। परमेश्वरबाट नै आएका असल काम र प्रशस्त आशिषलाई कतिपयले अतिवादी भनेर हेरेको पाइन्छ।

परमेश्वरको सत्य ज्ञानमा नरही त्यही मनस्थितिलाई एडभेन्टिस्टलाई कायम राखे जब फेरि उहाँको आत्मज्ञानको ज्योति तिनीहरूमा परे तिनीहरूले यो भन्ने छन्, "सन १८९३मा मैले पनि त्यही अनुभव गरें र मैले विश्वास गरेका कतिपयले यो त अतिवादी वा अन्धविश्वासको काम हो भनेर मलाई

सुनाएका थिए।" परमेश्वरको प्रशस्त अनुग्रह पाएकाहरूले उहाँको आत्माले काम गर्दा त्यो त अतिवादी वा हठवादी भनेर आरोप लगाउने त? परमेश्वरमा अडिग रहन पवित्र आत्माको शान्त र मधुरो अनुरोधको प्रमाणलाई के तिनीहरूले तिरस्कार गरि नै रहने त? पवित्र आत्माको सक्रियताको खिलाफमा अवरोध खडा गर्नेहरूलाई त्यसको सामना गर्न येशूको प्रेमलाई प्रस्तुत गर्नुपर्दछ। तिनीहरूलाई कुनै दवाव दिनुहुन्न। स्वर्गबाट अत्यन्तै प्रशस्त आशिष प्रदान गरिएला र त्यसलाई तिरस्कार पनि गर्न सकिएला। मानिसहरूले त्यसलाई आभारित भएर हृदयमा बसाउन नसक्लान्। कतिपय समयमा मानिसले परमेश्वरको धार्मिकता वा दयालाई विश्वास गरेको हुन्छ र मुक्ति पाएको भनेर मुखले स्वीकार पनि गर्ला। तर त्यो पाउनेले स्वर्गका बौद्धिक जीव अर्थात् परमेश्वरमा समर्पित भक्तहरूसँग मिलेर काम गर्न नचाहेको हुन्छ। असल, धर्मपयाराण कामहरू गरेर आफूले पाएको ज्योतिलाई तिनीहरूले सजाइ राख्न नचाहलान्। यो भन्नुपर्दा दुःख लाग्दो छ।– *द रिभ्यु एण्ड हेराल्ड,* फेब्रूअरी ६,१८९४।

(१) सन् १८९३मा सेभेन्थ-डे एडभेन्टिस्टको मुख्यालय बाटल क्रिकमा रहेका संस्थाहरूमा उल्लेखनीय पुनर्जागरणले छाएको थियो। परमेश्वरको आत्माले काम गर्नुभएको थियो भनेर ठुलो प्रमाण देखा परेको थियो। क्षणिक सफलता पछि मानिसहरूमा सुस्त छाएकोले धेरै आशिषहरू तिनीहरूले गुमाउन पुगेका थिए। यस सन्दर्भको अनुभवलाई लक्ष्यित गरी दिएको एलेन जी. ह्वाइटको सरसल्लाहमा आजको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक मान्नुपर्दछ।

(२) बाटल क्रिकको अध्यक्षलाई गरिएको सम्बोधन।